# पोखरामा आरयु फेस्ट जारी

**ढोरपाटन संवाददाता**
पोखरा, २ मंसिर

दिगो फोहोर व्यवस्थापन, पुन: प्रयोग तथा पुनर्चक्रणमार्फत हरित रोजगारी सिर्जना गर्ने उद्देश्यसहित आरयु फेस्ट बुधबारबाट सुरु भएको छ । पोखरा महानगरपालिका, कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) को सहकार्यमा बिहीबारसम्म चल्ने फेस्ट गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गरे ।

महोत्सवको यो दोस्रो संस्करण हो । कार्यक्रममा मुख्यमन्त्री पाण्डेले फोहोरलाई केवल समस्याका रूपमा मात्र नहेरी यसका सामाजिक, आर्थिक र वातावरणीय सम्भावनाको पहिचान गर्दै पुन प्रयोग र प्रशोधनमा जोड दिनुपर्ने बताए । फोहोरको उपयोगमार्फत चक्रीय अर्थतन्त्रको विकासमा लाग्न उनले सुझाव दिए ।

पोखरा महानगरपालिकामा सञ्चालित रिसाइकल तथा अपसाइकलमार्फत् हरित रोजगारी सिर्जना परियोजना अन्तर्गत महोत्सव आयोजना गरिएको नगर प्रमुख धनराज आचार्यले बताए । यसबाट रिसाइकलर, अपसाइकलर, पर्यटन क्षेत्र, निजी कम्पनी तथा आम नागरिकबिच सम्बन्ध र सहकार्य विस्तार गर्ने लक्ष्य लिइएको उनको भनाइ छ ।

फेस्टमार्फत् रिसाइकल तथा अपसाइकल उद्यमलाई बजारसम्म पहुँच र वास्तविक बिक्रीका अवसर उपलब्ध गराउने उद्देश्य राखिएको नगर प्रमुख आचार्यले जनाए । कन्ट्री डाइरेक्टर मूहेओन कोङ र युएनडिपीको आवासीय प्रतिनिधि क्योको योको सुकाले पोखराका लागि हरित रोजगारी सृजना र चक्रीय अर्थतन्त्र निर्माणमा यस्ता प्रकारका कार्यक्रमले महत्त्वपूर्ण योगदान पुग्ने विचार राखे ।

महोत्सवबाट आरयु उद्यमहरूको दृश्यता र बजार पहुँच अभिवृद्धि हुनुका साथै रिसाइकलर, अपसाइकलर, निजी क्षेत्र र पर्यटन क्षेत्रबिच सहकार्य सुदृढ हुने अपेक्षा गरिएको महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पौडेलले सुनाए । यसले चक्रीय अर्थतन्त्र तथा प्लास्टिक प्रदूषणका समाधानबारे जनस्तरमा बुझाइ बढाउनसमेत सहयोग पुग्ने विश्वास गरिएको छ ।

परियोजनाअन्तर्गत तीन हजार हरित रोजगारी सिर्जना गर्ने लक्ष्य छ ।

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ८, साविक लेखानी गा.वि.स. वडा नं. १ स्थायी निवासी भारतीय भु.पु. सै. नं. ५४५१८८२ X HAV मिन बहादुर पुनको श्रीमती ना.प्र.नं. ५४६/६०६ की टिका कुमारी पुनको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर टिका कुमारी पुन र जन्म मिति वि.सं. २०२७/१२/०८ (ई.सं. १९७१ मार्च २१) उल्लेख भएको र निजको पेन्सन कागजातमा श्रीमतीको नाम थर मिना कुमारी पुन र जन्म मिति ई.सं. १९७४ मार्च १६ उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी काठेखोला गाउँपालिका, ८ नं. वडा कार्यालय, लेखानी, बागलुङको च.नं. ००१९८, मिति २०८३/०७/१६ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## प्रतिभा छान्न समिति



केशवशरण

**पोखरा**/युआरएल फाउन्डेसनले स्थापना र सञ्चालन गर्दै आएको राष्ट्रिय स्वास्थ्य पत्रकारिता पुरस्कार प्रदान गर्न प्रतिभा छनोट समिति गठन भएको छ ।

अग्रज पत्रकार केशवशरण लामिछानेको संयोजकत्वमा रहेको समितिमा पत्रकारद्वय फडिन्द्र अकिञ्चन र ऋषि खतिवडा, युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्त र प्रबन्ध निर्देशक गणेशप्रसाद कोइराला सदस्य छन् । स्वास्थ्य क्षेत्रलाई पत्रकारितामा समेट्ने एक जनालाई बर्सेनि प्रदान गरिने यो पुरस्कारको राशि नगद ३३ हजार ३ सय ३३ रुपैयाँ र ताम्रपत्र छ । यो फाउन्डेसनलाई गण्डकी प्रदेशकै पहिलो रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी (युआरएल)ले प्रवर्धन गर्दै आएको छ । १३ वर्षअघि स्थापना भएको युआरएललले गण्डकी प्रदेशका विभिन्न जिल्लामा २४ स्थानबाट सेवा प्रवाह गरिरहेको छ ।

## नन्दकुमारी मनोनित

**पोखरा**/पोखरा उद्योग वाणिज्य संघको कार्यसमितिमा थप एक सदस्य मनोनित भएकी छन् । मनोनित हुनेमा गुड मर्निङ ट्रेड सेन्टरकी प्रोपाइटर नन्दकुमारी सुवेदी ढुंगाना छिन् ।

संघको अध्यक्ष शोभा गौतमले संघको विधान २०६५ (पहिलो संशोधन) २०७२ को परिच्छेद ६.१.१(ड) ले दिएको अधिकार प्रयोग गरी उनलाई कार्यसमितिमा मनोनित गरेकी हुन् । सो धाराले अध्यक्षलाई कार्यसमितिको सहमतिमा सदस्य मनोनित गर्ने अधिकार दिएको छ ।

नन्दकुमारीले बुधबार नै पद तथा गोपनीयताको सपथ लिएका छन् । अध्यक्ष गौतमले गएको असोज २८ गते साजन गिफ्ट एन्ड किचन कर्नरका प्रोपाइटर डिल्लीराज सुवेदी तथा थापा सप्लायर्सका प्रोप्राइटर तुलबहादुर थापालाई सदस्यमा मनोनित गरेकी थिइन् ।

**गण्डकी प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

# पूर्वाधार विकास कार्यालय

**नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

**कावासोती**

# बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८३/०८/०३)

यस कार्यालयबाट राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिमका ठेक्काहरुमा Hard copy मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु औसत अङ्कसँग नजिक र सारभुत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| S.N | Name of Project | Contract ID | Substantially Responsive Bidder | Bid Amount (with VAT and PS) NRs |
|---|---|---|---|---|
| 1 | Mitrabandu tolbata jogitar devithan janey bato starunnati, Gaindakot-11 | IDO-NAW(BSE)-W-NCB-06-2083/84 | M/S Gorakhnath Nirman Sewa Pvt.Ltd., Devchuli-05 | 2290909.31 |
| 2 | C.G saswatdham kinarako apuro sadak nirman devchuli 3 nawalpur | IDO-NAW(BSE)-W-NCB-07-2083/84 | M/S Jasmin Nirman Sewa and Suppliers Pvt.Ltd., Devchuli-04 | 2270844.18 |
| 3 | Dadherai chokdhyeki Dwazman chok hudai kawasoti 17 simana samm nala nirman ,madhyabindu 1,nawalpur | IDO-NAW(BSE)-W-NCB-08-2083/84 | M/S B.T. Construction & Suppliers Pvt. Ltd.Binayi Triveni-04, Nawalparasi | 2284339.25 |
| 4 | Ratnarani kuwa dhyeki company jane sadak istarunnati,Binayitribeni 1, nawalpur | IDO-NAW(BSE)-W-NCB-09-2083/84 | M/S A.D.T.H Construction and Suppliers Pvt.Ltd, Binayi Triveni-01, Nawalparasi | 2407831.94 |
| 5 | Charikun Jhyaltungdada ratamata darda kudapani dab rakachuli sadak istarunnati, madhyabindu, nawalpur | IDO-NAW(BSE)-W-NCB-10-2083/84 | M/S Lissam Nirman Sewa Pvt.Ltd, Tokha-8, Kathmandu | 4533807.90 |
| 6 | Upgrading of different road of Binayi Tribeni 4 and 3 | IDO-NAW(BSE)-W-NCB-11-2083/84 | M/S Himal Nirman Sewa And Suppliers, Nawalparsi | 4471626.81 |
| 7 | Chisapani pul dhyeki Hattidudada gau hudai pari chisapani pul jodne rongroad sadak istarunnati,Binayitribeni 3, nawalpur | IDO-NAW(BSE)-W-NCB-12-2083/84 | M/S Shuva R.K Construction and Consultant Pvt.Ltd, Binayi Triven-04, Nawalparasi | 2054890.05 |
| 8 | Upgrading of different road of Binayi Tribeni 3 & 4 | IDO-NAW(BSE)-W-NCB-13-2083/84 | M/S Trinity Construction And Suppliers Pvt.Ltd, Binayi Triveni-04 | 4278624.44 |
| 9 | Construction of Jibanram marga stharunnati, gaindakot-13, beldiya | IDO-NAW(BSE)-W-NCB-16-2083/84 | M/S Tin kanya Nirman Sewa, Bulingtar-04 | 2405437.88 |
| 10 | Construction of Gauree Marga Road Upgrading, Gaidakot-13 | IDO-NAW(BSE)-W-NCB-17-2083/84 | M/S Shivashakti Construction, Devchuli-13 | 2893088.14 |
| 11 | Construction of Deurali Gaughar sadak nirman bulingtar-04,Nawalpur | IDO-NAW(BSE)-W-NCB-18-2083/84 | M/S Kaligandaki Nirman Sewa, Bulingtar-03 | 2395251.67 |
| 12 | Construction of Bhuwansingh Darai marga Bulingtar 4 Nawalpur | IDO-NAW(BSE)-W-NCB-19-2083/84 | M/S Lissam Nirman Sewa, Tokha-8, Kathmandu | 2392686.19 |
| 13 | Construction of Deurali Nagradanda majhdanda lahape Dhauwadi sadak, baudhikali-1,6 | IDO-NAW(BSE)-W-NCB-20-2083/84 | M/S Royal Brothers Construction, Baudikali-02 | 2413181.36 |
| 14 | Devchuli-06 kumsot bhitri bato devchuli-06 nawalpur (1st Package) and kumsot bhitri sadak starunnati devchuli-06 nawalpur (2nd Package ) | IDO-NAW(BSE)-W-NCB-21-2083/84 | M/S Fewali Construction and SuppliersPvt.Ltd., Devchuli-07 | 5310532.06 |

कार्यालय प्रमुख

ढोरपाटन सञ्चार प्रा.लि.द्वारा प्रकाशित, **प्रधान सम्पादक:** हरिनारायण गौतम, **प्रधान कार्यालय :** बा.न.पा-२, बागलुङ, **पोखरा कार्यालय:** पोखरा-८, न्यूरोड, कास्की, Email: dailydhorpatan@gmail.com फोन : ०६८-५२०३८३, ०६१-५७८९०५ **मुद्रण :** हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा